# विनियोजन विधेयक, २०७९

## अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

गाउँसभाबाट स्विकृत मिति २०७९।०३।१०

**<u>प्रस्तावना</u>** : अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि संचितकोष केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम अन्नपूर्ण गाउँसभाले यो ऐनको विधेयक पेश गरिएक छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** (१) यस ऐनको नाम **" अन्नपूर्ण गाउपालिकाको विनियोजन ऐन,२०७९"** रहेको छ ।

(२) यो ऐन २०७९ श्रावण १ देखि प्रारम्भ हुनेछ।

**<u>२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>** (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखीत चालु खर्च ,पूँजिगत खर्च र बितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ६०,५१,७०,०००। (साठी करोड एकाउन्न लाख सत्तरी हजार मात्र । )** मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ ।

**<u>३. विनियोजन</u>** (१) यस ऐन द्वारा संचितकोषबाट खर्च गर्ने अधिकार दियको रकम आर्थिक वर्ष २०७९।०८० निमित्त अन्नपूर्ण गाउपालिकाको गाउकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिऐको भयता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आऐमा गाउ कार्यपालिकाको बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक व एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिऐको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्विकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृति लिनुपर्नेछ ।

अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ८७०००००० | ३०००००० | | ९०००००० |
| २ | | वडा समिति | ० | १७७०००००० | | १७७०००००० |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | वातावरण तथा विपद व्यवस्थापन कोष | २५०००००० | २५३९००० | | ५०३९००० |
| ५ | | सुशासन तथा संस्थागत विकास | ३७०००००० | | | ३७०००००० |
| ६ | | आर्थिक विकास समिति | ७९५०००० | ४०००००० | | ११९५०००० |
| ७ | | सामाजिक विकास समिति | २८६२३१००० | २२३५००००० | | ३०८५८१००० |
| ८ | | पूर्वाधार विकास समिति | २०००००० | १६६२०००००० | | १६८२०००००० |
| ९ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| १० | | लगानी (शेयर/ऋण) | | | | |
| | | कुल जम्मा | ३८९३८१००० | २१५७८९००० | ० | ६०५१७००००० |